# जयपृथ्वी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


पत्र संख्याः २०८१/०८२
च.नः ६०१

जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चैनपुर, बझाङ सुदूरपश्चिम प्रदेश नेपाल

मिति : २०८१/०८/०२
ने.सं. ११४५ कछलागा, २ आइतबार

विषयः विज्ञापन सूचना टाँस सम्बन्धमा ।

श्री वडा कार्यालयहरु, सबै
जयपृथ्वी नगरपालिका, बझाङ (चैनपुर)

प्रस्तुत विषयमा यस नगरपालिकाका यसै पत्र साथ संलग्न विज्ञापन नम्बर ०४-२०८१/०८२ र ०५-२०८१/०८२ को सूचना ताहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी प्रचारप्रसार गरी दिनहुन अनुरोध छ ।साथै सूचना टाँसको जानकारी यस कार्यालयमा पठाई दिनहुन अनुरोध छ ।

नैन बहादुर सिंह
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत


Phone no: 092-421064 E-mail: jpmunicipality2014@gmail.com Website: www.jayaprithvimun.gov.np


CamScanner

# जयपृथ्वी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

चैनपुर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२
च.नः 800

मिति : २०८१/०८/०२
ने.सं. ११४५ कछलागा, २ आइतबार

विषयः विज्ञापन सूचना प्रसारण सम्बन्धमा ।

श्री राजुलिरि एफ. एम. द्रुत, स्टेवे।
चैनपुर, बझाङ

प्रस्तुत विषयमा यस नगरपालिकाका यसै पत्र साथ संलग्न संलग्न विज्ञापन नम्बर ०४-२०८१/०८२ र ०५-२०८१/०८२ को सूचना ताहाँ एफ. एम.बाट मिति २०८१।०८।०२ गते देखि २०८१।०८।१६ गते सम्म दैनिक ५ पटक प्रशारण गरी दिनहुन अनुरोध छ ।

नैन बहादुर सिंह
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकिय अधिकृत



CamScanner

# जयपृथ्वी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चैनपुर, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
च.नः

मिति : २०८१/०८/०२
ने.सं. ११४५ कछलागा, २ आइतबार

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना
## (प्रथम पटक प्रकाशित मिति २०८१ । ०८ । ०२ गते)

सुरक्षित आप्रवासन (सामी) नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारहरुसँगको साझेदारीमा तथा हेल्भेटास नेपालको प्राविधिक सहयोगमा सञ्चालित कार्यक्रम अन्तर्गत यस जयपृथ्वी नगरपालिका बझाङमा सुरक्षित वैदेशिक रोजगारी सम्वन्धी सूचना प्रवाह गर्न तथा वैदेशिक रोजगारीसँग सम्बन्धित मुद्दामा सहयोग तथा सहजीकरण, मनोसामाजिक परामर्श सेवा प्रदान गर्न तपसिल बमोजिमका पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तोकिएको दस्तुर बुझाई दरखास्त आवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी तथा म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन।

**तपसिल**

| विज्ञापन नम्बर | पद/ तह | पद संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| ०४-२०८१/०८२ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता (पाँचौ तह) | १ | ▪ मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाण पत्र **वा १०+२ उतीर्ण गरी परामर्श** कार्य वा सामाजिक परिचालनको क्षेत्रमा सरकारी तथा गैरसरकारी संघसंस्थामा **कम्तिमा तीन वर्षको कार्यानुभव** भएको ।<br>▪ स्थानीय भाषा जानेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई तथा महिला दलित अपाङ्ग तथा जनजातिलाई बिशेष प्राथमिकता दिईनेछ ।<br>▪ **प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।**<br>▪ नेपाली / अंग्रेजी भाषामा प्रतिवेदन तयार गर्ने सक्ने । |
| ०५-२०८१/०८२ | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) | १ (महिला) | ▪ **मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/ मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह,** स्वास्थ्य शिक्षाविषयमा स्नातक तह उतीर्ण गरेको वा **पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।**<br>▪ **मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त** गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र प्राप्त गरेको ।<br>▪ **सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवी महिलालाई विशेष प्राथमिकता दिईनेछ ।**<br>▪ **प्रचलित कानून बमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको ।**<br>▪ नेपाली / अंग्रेजी भाषामा प्रतिवेदन तयार गर्ने सक्ने ।<br>▪ नोट: यो पदको लागि यस नगरपालिका भित्र स्थायी बसोबास भएको उम्मेदवारलाई प्राथमिकता दिइनेछ । |

**परीक्षाको किसिम :** लिखित (विषयगत), प्रयोगात्मक (कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान Word, Excel, PowerPoint, Email/Internet, English/ Nepali Typing) र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र:** जयपृथ्वी नगरपालिका कार्यालय

**न्युनतम आवश्यक कागजातहरु :**नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता (एस.एल.सी सहित) को प्रमाणपत्रहरुको प्रतिलिपि, सरकारी तथा गैर सरकारी संघसंस्थामा काम गरेको कार्यअनुभवको प्रमाणित कागजात तथा तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो २ प्रति ।

**उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्ममा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

**दरखास्त दिने अन्तिम मिति :**२०८१/०८/१६ गते कार्यालय समयभित्र । सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोली पल्ट ।

**दरखास्त दस्तुर :** रु.७००।

**सम्पर्क मिति :** २०८१।०८।२० गते ।

**परीक्षा मिति:** सम्पर्क मितिको दिनमा तोकिने छ ।

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार ।

**काम गर्नुपर्ने स्थान :** जयपृथ्वी नगरपालिका ।

**कार्य अवधि:** हाललाई २०८२ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन मूल्यांकनका आधारमा नवीकरण हुन सक्नेछ ।

**लिखित तथा प्रयोगात्मक परीक्षा पाठ्यक्रम :** यस नगरपालिकाको वेवसाइट www.jayaprithvimun.gov.np मा उपलब्ध हुने ।

**दरखास्त फाराम उपलब्ध हुने र पेश गर्नुपर्ने स्थान :** जयपृथ्वी नगरपालिका कार्यालय प्रशासन शाखा ।

**सम्पर्क नम्बर :** ९८६४६४७६२६, ९८४८९७५२३०

**पुनश्च :** सूचनामा उल्लेख भए वाहेकका अन्य विषयमा करार कर्मचारी पदपूर्ति समितिले निर्धारण गरे वमोजिम हुनेछ र करार कर्मचारी पदपूर्ति समितिको निर्णय अन्तिम हुने छ ।

...............................
नैन बहादुर सिंह
नि.प्रमुख प्रशासकीय अधिकृत

Phone no: 092-421064 E-mail: jpmunicipality2014@gmail.com Website: www.jayaprithvimun.gov.np

CamScanner